दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

**बर्ष : ४** **प्रमाणीकरण मिति : २०७७।०६।१२**

**संख्या : १२** **प्रकाशन मिति : २०७७।०६।१५**

## भाग : ३

## २०७७ सालको कार्यविधि संख्या : ७

## दमक यातायात व्यवस्थापन कार्यविधि २०७७

**प्रस्तावना** : दमक नगरपालिका क्षेत्र भित्र बसपार्क व्यवस्थापन, पार्किङ्ग, सवारी, ढुवानी, विद्युतीय रिक्सा, अटो रिक्साको अनुमति संख्या, रुट तथा भाडा दर निर्धारण र नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक तथा नवीकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रवर्द्धन गर्दै यातायात सुरक्षालाई भरपर्दो, विश्वसनीय र व्यवस्थित गर्न दमक नगर प्रशासकीय कार्यविधि (नियमन गर्ने) ऐन, २०७६ बमोजिम दमक नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम **"दमक यातायात व्यवस्थापन कार्यविधि २०७६"** रहेको छ ।

२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिकालाई बुझाउने छ ।

ख) **"ट्राफिक व्यवस्थापन"** भन्नाले सबै प्रकारका सवारी साधन सञ्चालन, नियमन र नियन्त्रण समेतलाई बुझाउने छ ।

ग) **"समिति"** भन्नाले यसै कार्यविधि बमोजिम गठित दमक यातायात व्यवस्थापन समितिलाई बुझाउने छ ।

घ) **"उप समिति"** भन्नाले यसै कार्यविधि अन्तर्गत गठन भएको उप समितिलाई जनाउने छ ।

ङ) **"सवारी साधन"** भन्नाले २ पांग्रे, ३ पांग्रे, ४ पांग्रे वा सो भन्दा माथिका सवारी साधन, हलुका सवारी साधन, बढी भारवहन क्षमता भएका मालबाहक र निर्माण सम्बन्धी पूर्वाधारयन्त्र उपकरण समेतलाई जनाउनेछ ।

च) **"ढुवानी साधन"** भन्नाले मालवाहक, हलुका र भारी सवै प्रकारका सवारीलाई जनाउने छ ।

छ) **"तोकिएको"** भन्नाले यातायात व्यवस्थापन समितिले तोकेको वा नगर कार्यपालिकाले तोकेको यस कार्यविधिसँग सम्बन्धित व्यवस्थालाई जनाउनेछ ।

ज) **"हम्स्"** भन्नाले सडकको बीचमा सवारी गति नियन्त्रण गर्न निर्माण गरिएको अवरोधलाई जनाउनेछ ।

झ) **“आचार संहिता”** भन्नाले यस कार्यविधिमा उल्लेख भएको आचार संहितालाई जनाउनेछ ।

ञ) **“विद्युतीय सवारी”** भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नवीकरणीय उर्जाबाट चल्ने सवारीलाई जनाउने छ ।

ट) **“ठेला वा रिक्सा”** भन्नाले मानव श्रम प्रयोग गरी संचालन गरिने बिना इन्जिनका ढुवानी तथा सवारी साधनलाई जनाउने छ ।

ठ) **“जेब्रा क्रस”** भन्नाले सुरक्षित सडक प्रयोगकालागि सडकमा निर्धारण गरेको सडक वारपार गर्न लगाइएको चिन्हलाई जनाउने छ ।

ड) “राहत” भन्नाले यसै कार्यविधिको दफा २५ बमोजिमको राहतलाई जनाउने छ ।

ढ) **“यात्री”** भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्तिलाई जनाउने छ ।

ण) **“मालसामान”** भन्नाले मानिस बाहेक सार्वजनिक ढुवानी सवारीमा ओसार पसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु जनाउने छ।

त) **“यात्रु बाहक सवारी”** भन्नाले यात्रीहरूलाई यातायात सेवाप्रदान गर्ने सार्वजनिक सवारीलाई जनाउने छ ।

थ) **“माल बाहक सवारी”** भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने ढुवानी सवारीलाई जनाउने छ ।

द) **“दर्ताको प्रमाणपत्र”** भन्नाले सम्बन्धित निकायबाट सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाण-पत्रलाई जनाउने छ ।

ध) **“चालक”** भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्तिलाई जनाउने छ ।

न) **“चालक अनुमति पत्र**” अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमति पत्रलाई जनाउने छ ।

प) **“सार्वजनिक स्थान”** भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, बाटो, खुल्ला चौरी, मैदानलाई जनाउने छ ।

फ) **“पार्किङ्ग स्थल”** भन्नाले सवारी अड्याउने निर्धारित ठाउँलाई जनाउने छ ।

ब) **“बस बिसौनी”** भन्नाले यात्रीबाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित ठाउँलाई सम्झनु पर्छ ।

भ) **“ट्राफिक सङ्केत”** भन्नाले प्रचलित कानून बमोजिम सवारी चालकले पालना गर्नुपर्ने सूचना, सङ्केत, ईशारालाई जनाउने छ ।

म) **“प्रदूषण”** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषणलाई जनाउने छ ।

## परिच्छेद-२

## यातायात व्यवस्थापन समितिको गठन, काम,कर्तव्य,अधिकार र आचार संहिता

३. **समितिको गठनः** १) देहाय बमोजिम संयोजक र सदस्य रहने गरी यातायात तथा ट्राफिक व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगर कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरुमध्ये संयोजक

(ख) इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि सदस्य

(ग) सडक डिभिजन कार्यालय प्रमुख वा प्रतिनिधि सदस्य

(घ) इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि सदस्य

(ङ) नगर प्रहरी दमकका प्रमुख सदस्य

(च) उद्योग वाणिज्य संघ प्रमुख वा प्रतिनिधि सदस्य

(छ) दमक सडक डिभिजन कार्यालय प्रमुख वा प्रतिनिधि सदस्य

(ज) यातायात व्यवसायी र मजदुर संघसंगठन मध्येबाट नगर कार्यपालिकाले तोकेका ३ जना सदस्य

(झ) विभिन्न सामाजिक संघसंस्था र सामाजिक व्यक्तिहरुबाट नगर कार्यपालिकाले तोकेका कम्तिमा २ जना महिला सदस्य

ञ) समितिका संयोजकले सिफारिस गरेका २ जना सदस्य

ट) ट्राफिक प्रहरी कार्यालय दमकका प्रमुख सदस्य सचिव

२) समितिको कार्यकाल २ वर्षको हुनेछ ।

३) समितिले गर्ने दैनिक कामको व्यवस्थापन गर्न संयोजक सहित एक तिहाई सदस्यरहने गरी समितिले सचिवालय गठन गर्न सक्नेछ ।

४) समितिको पूर्ण वैठक नबसेको अवस्थामा समितिले गर्ने काम सचिवालयले गर्नेछ ।

५) सचिवालयले गरेका निर्णय तथा काम समितिको पूर्ण बैठकमा अनुमोदन गर्नु पर्नेछ ।

६) समितिले आवश्यकता अनुसार उप समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) आर्थिक ऐनमा तोकिए बमोजिमका शुल्कहरु लागू गर्ने ,

ख) नगर भित्र चल्ने भाडाका सवारी साधनहरुको भाडा दर प्रस्ताब गरी स्वीकृतिका लागि कार्यपालिकामा पेस गर्ने,

ग) ट्राफिक लाइट, जेब्राक्रस व्यवस्था गर्ने,

घ) सवारी साधन, ढुवानी साधन र निर्माण उपकरणको गति, सीमा र समय तोक्ने,

ङ) ट्राफिक सांकेतिक बोर्ड राख्ने,

च) सडक, बाटोमा रहेको अवरोध हटाउने,

छ) बजार क्षेत्र भित्र हर्न निषेधित क्षेत्र तोकी लागू गर्ने,

ज) सवारी नियम उल्लंघन गर्नेलाई जरिवाना गरी कोषमा दाखिला गर्ने,

झ) पार्किङको नियमित अनुगमन गर्ने,

ञ) ट्राफिक जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ,

ट) कामको प्रतिवेदन मासिक रुपमा कार्यपालिका समक्ष पेश गर्ने ,

ठ) समितिले आवस्यकता अनुसार उपसमितिहरु गठन गरी कार्य विभाजन गर्ने,

ड) समिति अन्तर्गत गठित उप समितिको कामको समन्वय, रेखदेख र अनुगमन गर्ने,

ढ) समितिले यातायात व्यवस्थापनसँग सम्बन्धित विषयहरुमा छलफल र सहजीकरण गर्ने,

ण) बसपार्क सरसफाई र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

त) सवारी साधनको आवत जावतकालागि समय र एक तर्फी बाटो तोक्ने,

थ) नगर कार्यपालिकाले तोकेका अन्यकाम गर्ने ।

**५. पदाधिकारीको काम, कर्तव्य र अधिकार**: १) यातायात व्यवस्थापन समिति का पदाधिकारीत था सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

क) संयोजकको काम, कर्तव्य र अधिकार :

(१) आवश्यकता अनुसार समितिको बैठक बोलाउन निर्देशन दिने,

(२) बैठकको अध्यक्षता गर्ने,

(३) सदस्यहरुको जिम्मेवारी बाँडफाँड गर्ने,

(४) समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ,

(५) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) सरोकारवाला निकाय र संघ सस्थाहरुसँग समन्वय गर्ने,

(७) समितिका पदाधिकारीहरुको कार्य सम्पादनमा समन्वय र सहजीकरण गर्ने,

(८) समितिमा बराबर मत भएमा निर्णायक मत दिने,

(९) नगरपाालिकामा नियमित प्रतिवेदन पेसगर्ने ।

ख) सचिबको काम, कर्तव्य र अधिकार :

(१) संयोजकको निर्देशन अनुसार बैठक बोलाउने,

(२) आवश्यक कागजात सुरक्षित एवम् व्यवस्थित गर्ने ,

(३) संयोजकको निर्देशन अनुसार पत्राचार गर्ने,

(४) बैठकका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(५) नियमित प्रतिवेदन तयार गर्ने ।

ग) सदस्यहरुको काम, कर्तव्य र अधिकार :

(१) समितिको बैठकमा उपस्थित भई निर्णयमा सहभागी हुने,

(२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(३) समिति वा संयोजकले तोकेका अन्यकार्य गर्ने ,

२) बैठक सम्बन्धी व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **समितिका पदाधिकारीहरुको आचार संहिता:** यातायात व्यवस्थापन समिति, उप समिति, पदाधिकारी तथा सदस्यहरुले देहाय बमोजिमका आचार संहिता पालना गर्नुपर्नेछ ।

क) सामाजिक मर्यादामा आँच आउने कार्य गर्न नहुने,

ख) कसैको प्रलोभनमा परी कार्य गर्न नहुने,

ग) कुनै राजनैतिक दल, संघसंस्था वा अन्य कुनै किसिमको दवाबमा परी काम गर्न नहुने ,

घ) काम, कर्तव्यप्रति जिम्मेवार र जवाफदेही रहने,

ङ) सामाजिक पूर्वाग्रह राखेर कार्य गर्न नहुने ।

७. **पदमुक्त हुने :** समितिका पदाधिकारी र सदस्यको देहायको अवस्थामा पद मुक्त हुनेछ ।

क) सम्बन्धित निकाय वा संस्थाले फिर्ता बोलाएमा,

ख) आचार संहिता बारम्बार उल्लंघन गरेमा,

ग) स्वेच्छाले राजिनामा गरेमा,

घ) मृत्यु भएमा,

ङ) प्रचलित कानून अनुसार अयोग्य ठहरिएमा

च) बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद-३

## पार्किङ र सडक संरक्षण

**८. पार्किङको व्यवस्था :** १) दमक नगरपालिका क्षेत्र भित्र रहेका बसपार्क, राजमार्ग र मुख्य सडकहरु लगायत मुख्य चोक, हाटबजार लाग्ने ठाँउ र सर्वसाधारणहरुको भिडभाड हुने स्थानमा सवारी साधनहरुलाई व्यवस्थित रुपले पार्किङ गर्न गराउनका लागि उपयुक्त स्थानको खोजी गरी समितिले पार्किङ क्षेत्र तोक्न सक्नेछ र समितिले तोकेको स्थानमा मात्र पार्किङ गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको कार्य गर्न समितिले योजना बनाई नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिमको योजना उपर आवश्कतानुसार अध्ययन गरी कार्यपालिकाले स्वीकृत गरेर कार्यान्वयनका लागि अनुमति प्रदान गर्नेछ ।

४) सरकारी एवम् गैह्र सरकारी कार्यालय, संघ सस्था, अस्पताल, बैंक, होटल, ब्यापारिक महलहरुले आफ्ना ग्राहकलाई ध्यानमा राखी पार्किङ एवंम् यात्रु बस्ने व्यवस्था आफैं मिलाउने र सो को जानकारी समितिलाई गराउनु पर्नेछ ।

५) बसपार्क भित्रको हकमा समितिले तोकेको ठाउँमा मात्र पार्किङ  गर्नुपर्नेछ ।

**९. सडक संरक्षण सम्बन्धी व्यवस्था** : १) नगरपालिकाभित्र पूर्वमा रतुवा पुलदेखि पश्चिममा मावा पुलसम्म लोकमार्गको मध्यविन्दुबाट दुवै किनारतर्फ ८२.५ फिट सडकको क्षेत्राधिकार भित्र कुनै पनि निर्माण सामग्री राख्न, संरचना बनाउन र समितिले तोकेको समय भन्दा बढी समयसवारी साधन रोक्न पाइने  छैन ।

२) आकासे पुल लगायत यातायात आवागमन तथा ट्राफिक व्यवस्थापनमा असर वा अवरोध पुग्ने गरी कुनै प्रकारका प्रचार प्रसार सामग्री, होडिङ बोर्ड टाँस्न वा राख्न पाइने छैन ।

३) लोकमार्ग क्षेत्रमा अनुमति विना कुनै पनि किसिमका सार्वजनिक वा व्यक्तिगत प्रयोजनकालागि आयोजना गरिएका सभा समारोह गर्न वा भिडभाड गर्न पाईने छैन ।

४) सडक संरक्षण सम्बन्धी अन्य व्यवस्था **दमक नगर पूर्वाधार ऐन, २०७६** को दफा (९) बमोजिमहुनेछ ।

## परिच्छेद-४
## सवारी साधन प्रवेश सम्बन्धी व्यवस्था

**१०. बजार क्षेत्रमा सवारी साधन प्रवेश सम्बन्धी व्यवस्था :** १) समितिले बजार क्षेत्र भित्र भारी सवारी तथा ढुवानीका साधनहरु प्रवेश गर्न पाउने समय र सडक तोक्ने छ ।

२) निर्माण सामग्री ढुवानी गर्ने सवारीले प्रदूषण नहुने, धुलो नउड्ने तथा पानी नचुहिने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

३) बजार क्षेत्रभित्रको तोकिएको स्थान र समयमा मात्र मालसामान उठाउन र खसाउन पाइनेछ ।

**११. सवारीको गति :** १) समितिले सडकको व्यस्तता र सवारीको चाप समेतलाई हेरेर सवारीको गति सीमा तोक्नेछ ।

२) सडकमा गति नियन्त्रण गर्न हम्स् राख्न पाइने छैन साथै यस अघि निर्माण भएका हम्स् सम्बन्धित उपभोक्ताले हटाउनु पर्नेछ र उपभोक्ताले नहटाए नगरपालिका आफैंले हटाउनेछ ।

## परिच्छेद-५
## बसपार्क सम्बन्धी व्यवस्था

१२. **बस पार्क सम्बन्धी व्यवस्था :** नगरपालिका क्षेत्र भित्र रहेका प्रत्येक बसपार्क व्यवस्थापन र संचालनकालागि समिति मध्येबाट १ जना संयोजक रहने गरी सम्बन्धित क्षेत्रबाट समितिले वढीमा ७ सदस्यीय छुट्टा छुट्टै बसपार्क व्यवस्थापन उप समिति गठन गर्नेछ ।

**१३. उप समितिको काम, कर्तव्य र अधिकारः** १) बसपार्क विकास सम्बन्धी योजना र कार्यक्रम बनाई समितिमा पेस गर्ने ।

२) बसपार्क संचालनमा आवश्यक जनशक्तिको परिचालन, रेखदेख र समन्वय गर्ने ।

३) यातायात व्यवस्थापन समितिमा मासिक रुपमा प्रतिवेदन बुझाउने ।

४) समितिसँग नियमित समन्वय गर्ने ।

५) टिकट काउन्टरलाई ब्यवस्थित गर्ने ।

६) बसपार्क सञ्चालनमा आईपर्ने समस्याको समाधानकालागि पहल गर्ने ।

७) पार्किङ्ग व्यवस्थापन गर्ने ।

८) लेन व्यवस्थापन गर्ने ।

९) यात्रु प्रतिक्षालय व्यवस्थापन गर्ने ।

१०) विद्युतीय रिक्सा, ठेला, टेम्पुको व्यवस्थापन गर्ने ।

११) विद्युत तथा पिउने पानीको व्यवस्थापन गर्ने ।

१२) सुरक्षा प्रवन्ध मिलाउने ।

१३) भिडभाड नियन्त्रणमा सहजीकरण गर्ने ।

१४) हरियाली प्रवर्धन र फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद-६

## तीनपाङ्ग्रे तथा अन्य सवारी सम्बन्धी व्यवस्था

**१४. दर्ता नगरी सवारी संचालन गर्न नपाईने :** १) दमक नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला जस्ता सवारी तथा ढुवानीका साधन नगरपालिकामा दर्ता नगरी संचालन गर्न पाईने छैन ।

२) प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र आवश्यक पर्ने सवारी साधन चलाउन सम्बन्धित निकायबाट सवारी चालक अनुमतिपत्र लिनु पर्नेछ ।

३) नगरपालिकाले सवारी दर्ता गरे पछि निर्धारण गरेको रुटमा सवारी संचालन गर्नुपर्नेछ ।

४) अन्य पालिकामा दर्ता भएका विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला दमक नगरपालिकाभित्र संचालन गर्दा तोके बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

५) समितिले आवश्यकता अनुसार विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेलाको संख्याहेरी संचालन क्षेत्र निर्धारण गर्नेछ ।

**१५. दर्ता प्रक्रिया :** १) आवश्यकतानुसार विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेला दर्ताकालागि कार्यपालिकाले छनौट प्रक्रियाका आधार समेत तोकी १ महिनाको म्याद दिई सूचना प्रकाशित गर्नेछ ।

२) सूचना प्रकाशित भएपछि नेपाली नागरिकताको प्रमाण पत्र, बसोवास खुल्ने प्रमाण, सवारी साधन खरीदको प्रमाण र सवारी चालक अनुमति पत्रको

प्रतिलिपि संलग्न राखी नगरपालिकामा **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम पेस भएका निवेदन उपर कार्यपालिकाले छानवीन गरी तोकेको संख्या नबढ्ने गरी १५ दिन भित्र **अनुसूची २** बमोजिमको दर्ता प्रमाण पत्र उपलब्ध गराउने छ ।

४) दर्ता प्रमाण पत्र प्राप्त नहुन्जेलसम्म कार्यविधिको दफा १६ (१) बमोजिम निवेदन दर्ता हुँदा बुझाएको शुल्कको रसिदलाई नै आधार मानी संचालन गर्न सकिनेछ ।

५) दर्ता भएका विद्युतीय रिक्सा, रिक्सा, टेम्पो, ठेलाले नगरपालिकाले तोकेका शुल्क बुझाई नवीकरण गर्नु पर्नेछ ।

६) दर्ता, नवीकरण र रुट ईजाजत (पर्मिट) शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१६. नवीकरण प्रक्रिया** : १) प्रत्येक वर्ष साउन मसान्तभित्र तिनपाङ्ग्रे सवारी साधन नवीकरण गर्नु पर्नेछ ।

(२) नवीकरणका लागि दिईने निवेदनको ढाँचा **अनुसूची १** बमोजिम कै हुनेछ ।

(३) यातायात कार्यालयमा दर्ता भएका तिन पाङ्ग्रे सवारी साधनको हकमा चालु आर्थिक वर्षका लागि कार्यपालिकाले सूचना प्रकाशित गरेको अवधी भित्र अभिलेख राखी नवीकरण गर्नु पर्नेछ ।

**१७. सवारी चालक अनुमति पत्र :** नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनु पर्नेछ ।

**१८. रुट निर्धारण** : यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरु सञ्चालन गरिने रुटको निर्धारण कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

**१९. आलोपालो तोक्न सक्ने :** तीनपाङ्ग्रे सवारी साधनको संख्या बढी भई ट्राफिक व्यवस्थापन तथा श्रमिकहरुको रोजगारीमा प्रतिकुल प्रभाव पर्ने अवस्था भएमा कार्यपालिकाले सरोकारवालाहरु समेतको सुझावका आधारमा आलोपालो प्रणालीमा सञ्चालन गर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

**२०. बिमा गर्नुपर्ने** : सवारी धनीले प्रचलित कानून बमोजिम सवारी साधन, चालक र यात्रु बिमा गर्नुपर्नेछ ।

**२१. सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने आचार संहिता :** यस कार्यविधिमा अन्यत्र उल्लेख भए वाहेक सवारी धनी तथा चालकले पालन गर्नुपर्ने आचार संहिता **अनुसूची ३** बमोजिमको प्रमाणमा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद-७

## दण्ड जरिवाना तथा राहत

**२२. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :** १) यस कार्यविधि बमोजिम दर्ता, नवीकरण र रुट ईजाजत विना सवारी साधन संचालन गरे गराएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा ईजाजत प्राप्त क्षेत्र भन्दा वाहिर सवारी साधन संचालन गरे गराएमा देहाय बमोजिमको जरिवाना र कारवाही हुनेछ ।

(क) सवारी साधनको किसिम र कसूरको मात्रा हेरी पहिलो पटक भएमा रु.१००।-देखि ५०० सम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा रु.२००।- देखि ७०० सम्म, सोही कसूर तेस्रो पटक गरेमा रु १०००।-

जरिवाना हुनेछ साथै पुन सोही कसूर दोहोरिएमा ईजाजत पत्र खारेज गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिमको जरिवाना गर्ने अधिकार नगर प्रहरी ईन्चार्जलाई हुनेछ सो दण्ड जरिवाना उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ र निजले गरेको निर्णय अन्तिम हुनेछ ।

(ग) यस कार्यविधिमा तोकिए बमोजिमका शर्त मापदण्ड तथा आचार संहिता पटक पटक उल्लंघन गरेमा वा प्रचलित कानूनले निषेधित गरेका कार्य गरे गराएमा कार्यपालिकाले सवारी संचालन अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

२) तीनपाङ्ग्रे सवारी साधन वाहेक अन्य सवारी साधन संचालन गर्दा यस कार्यविधिको उल्लंघन गरेमा प्रचलित कानून बमोजिम जरिवाना र कारवाही हुनेछ ।

२३. **राहत सम्बन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम दर्ता भएका सवारी साधन संचालन गर्ने मजदुरका हकमा मजदुर भलाई कोशमा व्यवस्था भए बमोजिम राहत प्रदान गरिनेछ ।

## परिच्छेद-८

## विविध

२४. **पुरस्कृत गर्ने :** १) नगरपालिका क्षेत्रभित्र यो कार्यविधि र प्रचलित कानूनको पालना गरी सवारी चलाउने उत्कृष्ट सवारी चालकलाई पुरस्कृत गर्न सकिनेछ ।

२) उत्कृष्टताको छनौट समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२५. अनुगमनको व्यवस्था :** १) यातायात व्यवस्थापन समितिले नगरपालिका क्षेत्र भित्र संचालन हुने सवारी साधनको अनुगमन गर्नेछ ।

२) अनुगमन गर्दा स्थानीय प्रहरी, प्रशासन र सरोकारवालाहरुसँग समन्वय गर्नु पर्नेछ ।

**२६. संशोधन :** यो कार्यविधि नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२७. खारेजी र बचाउ :** १) यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढीकरण दमक नगरपालिकाको कार्यविधि, २०७६ र दमक बसपार्क व्यवस्थापन कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) यातायात तथा ट्राफिक व्यवस्थापन र शहरी सुदृढीकरण दमक नगरपालिकाको कार्यविधि, २०७६ र दमक बसपार्क व्यवस्थापन कार्यविधि, २०७५ अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची १
## (दफा १५ को उवदफा (२)सँग सम्बन्धित)

मिति :.......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दमक नगर कार्यपालिकाको कार्यालय
दमक, झापा

**विषय : अटो रिक्सा/रिक्सा/सिटी सफारी/टेम्पो/ठेला दर्ता/नवीकरण गरी पाउँ**

प्रस्तुत विषयमा दमक नगर कार्यपालिकाको कार्यालयबाट मिति ................मा प्रकाशित सूचना अनुसार मैले खरिद गरेको अटो रिक्सा/रिक्सा/सिटी सफारी/टेम्पो/ठेलादर्ता/नवीकरणका लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**निवेदक**
नाम थर:
ठेगाना:
सम्पर्क नं.:

**संलग्न कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्र
२. स्थायी बसोवासको प्रमाण
३. सवारी साधन खरिद गरेका कागजातहरु
४. अन्य

# अनुसूची २
## (दफा १५ को (३) सँग सम्बन्धित)

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दमक, झापा

**सवारी दर्ता प्रमाण पत्र**

सवारी धनीको फोटो

**सवारी सम्बन्धी विवरण**

दर्ता मितिः
दर्ता नं. :
किसिम :
सवारी धनीको नाम :
नागरिकता नं. र जारी मिति एवम् जिल्ला :
सवारी साधन खरिद गरेको मिति :
सिट क्षमता :
ईन्जिन नं. :
चेसिस नं. :
सवारी साधनको रंग :
संचालन गर्ने क्षेत्र :

# नवीकरण

| क्र.स | दर्ता मिति | नवीकरण मिति | म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सही छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-३
## (दफा २१ सँग सम्बन्धित)

**<u>सवारी साधन संचालन गर्दा पालना गर्नुपर्ने शर्त तथा आचार संहिता</u>**

१. सवारी चालकले अनिवार्य रुपले परिचय पत्र र तोकिएको ड्रेस लगाउनु पर्नेछ ।

२. ईजाजत पाएको क्षेत्रबाहेक अन्य क्षेत्रमा सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

३. दर्ता तथा नवीकरण नगरी सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४. मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

५. यात्रुसँग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

६. तोकिएभन्दा वढी भाडा लिन पाईने छैन ।

७. सवारी साधनमा भाडा दर अनिवार्य रुपले टास गरेको हुनु पर्नेछ ।

८. कानूनले निषेध गरेका सामग्रीहरु ओसार पसार गर्न पाईने छैन ।

९. प्रचलित सवारी साधन सम्बन्धी कानूनको पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**